**नेपाल सरकार**

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

**योजना शाखा**

फो.नं.
४२०००००
४२००२८६
सिंहदरबार काठमाण्डौं


प.सं.०७४/७५
च.नं. ३५५

मिति :- २०७४/१२/२६

विषय :- *पूर्व सावधानी सम्वन्धमा ।*

श्री जिल्ला समन्वय समितिको कार्यलय, ७७ (सवै) ।
श्री महानगर/उपमहानगर/नगरपालिका/गाउँपालिका ७५३ (सवै) ।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ४८३४ मिति २०७४/१२/२२ को पत्र यसैसाथ संलग्न छ । उक्त पत्र अध्ययन गरी व्यहोरा मनन गर्नुहुन अनुरोध छ । सो सम्वन्धमा नजिकिदो वर्षायामलाई ख्याल गर्दै संभाव्य वस्तुस्थितिको आकलन गरी कुनै अप्रिय घटना हुन नपाउने गरी निर्माणाधिन सडकका खाल्डाखुल्डी पुरी, ढल निकासको उचित र सुरक्षित प्रवन्ध गर्न तथा हुन सक्ने डुवान र वाढि पहिरो जस्ता प्राकृतिक विपत्तिको समेत आँकलन गरी पूर्व तयारीका साथ कार्य गर्नुहुन निर्णयानुसार अनुरोध छ ।

(केशवराज सुवेदी)
**शाखा अधिकृत**

**वोधार्थ :**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
(आर्थिक तथा पूर्वाधार विकास शाखा, सिंहदरवार ।
श्री स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, पुल्चोक, ललितपुर ।
श्री केन्द्रीय पञ्जिकरण विभाग, ववरमहल, काठमाण्डौ ।
श्री सूचना तथा विद्युतीय शासन शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय : मन्त्रालयको Website मा Upload गरिदिनुहुन ।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

(आर्थिक तथा पूर्वाधार विकास शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :- ७१/०७४-७५/ ४८३४
च.नं. :-

मिति : २०७४।१२।२२

प्रिय सहकारीज्यू

यस बर्षको बर्षा याम सुरु हुनै लागेको छ । मुलुक भित्र निर्माण तथा मर्मतको क्रममा रहेका सडक खानेपानी जस्ता पूर्वाधारका कारण सडकमा पानी जम्ने, सडक नालीहरु थुनिन गई बर्षाको पानी सडकबाटै बग्ने जस्ता कारणहरुले सर्वसाधारणले धुलो तथा हिलोको सास्ती भोग्नु परिरहेको तथा विभिन्न दुर्घटनाहरु भएको अवस्था विदित नै छ । सडक प्रयोगकर्ता सवारी साधन तथा पैदल यात्रीको सुरक्षाको लागि विगतमा भएका त्यस्ता दुर्घटनाहरु दोहोरिन नदिन र सुरक्षित आवागमनको व्यवस्था गर्न सडकमा बनेका खाल्डा पुरी दुरुस्त राख्नु तथा सडक नालीहरु सफा राख्नु आवश्यक देखिएको छ । अतः बर्षा सुरु हुनु अगाडी नै सडक निर्माण, विस्तार, खानेपानीको पाइप विस्तार, ढल निर्माण तथा मर्मतको कारण खाल्डा परेका सडकहरु मर्मत गरी दुरुस्त राख्न तथा विभिन्न कारणले जाम भइ थुनिएका ढल, सडक नालीहरु खोली बर्षाको पानी त्यस्ता नालीबाट मात्र बग्ने व्यवस्था मिलाउने व्यवस्था हुन अनुरोध गर्दछु ।

श्री सचिव
संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय

(महेन्द्रमान गुरुङ्ग)
सचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२११००७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल